# वैरङ्ग हुलाक नियमावली, २०३४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०३४।४।१७

**संशोधन**

वैरङ्ग हुलाक (पहिलो संशोधन) नियमावली, २०४९ २०४९।१।८

हुलाक ऐन, २०१९ को दफा ७ र ६९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "वैरङ्ग हुलाक नियमावली, २०३४" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "वैरङ्ग" भन्नाले चाहिने महसुलको हुलाक टिकट नटाँसी वा टिकटै नटाँसी हुलाक दाखिला (पोष्टिङ्ग) गरिएको हुलाक वस्तु सम्झनु पर्छ ।

(ख) "टी टाँचा" भन्नाले विदेश तर्फ जाने र विदेशबाट नेपालमा आउने हुलाक वस्तुमा नपुग महसुल जनाउन लगाइएको टाँचा सम्झनुपर्छ ।

(ग) "ड्यू टाँचा" भन्नाले आन्तरिक हुलाक वस्तुमा नपुग महसुल जनाउन लगाएको टाँचा सम्झनुपर्छ ।

(घ) "शुरु हुलाक" भन्नाले शुरुमा हुलाक वस्तु हुलाक दाखिला गरिएको हुलाक सम्झनुपर्छ ।

(ङ) "ठेगाना हुलाक" भन्नाले हुलाक वस्तु डेलिभरी गर्ने हुलाक सम्झनुपर्छ ।

(च) "चलान (ट्रान्जिट) हुलाक" भन्नाले शुरु हुलाक र ठेगाना हुलाक बीचमा पर्ने हुलाक सम्झनु पर्छ ।

३. **शुरु हुलाकले गर्ने काम** : (१) आन्तरिक हुलाक वस्तुको सम्बन्धमा शुरु हुलाकले वैरङ्गको आवरण (कभर) मा ड्यू टाँचा लगाइ त्यसमा नपुग महसूलको दोब्बर रकम जनाइ पूरा महसुल लागेको हुलाक वस्तु सरह चलान गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम चलान भएको हुलाक वस्तु ठेगानावालाकहाँ डेलिभरी नभई ठेगाना हुलाकबाट फिर्ता भई आएमा सो वैरङ्ग पठाउनेलाई फिर्ता डेलिभरी गरी निजबाट डयू टाँचामा जनिएको महसुल असुल गरिनेछ। वैरङ्ग पठाउनेले चुक्ता गर्नु पर्ने महसुल बुझाउन इन्कार गरी आफूले पठाएको हुलाक वस्तु फिर्ता डेलिभरी लिन नचाहेमा निजको नाममा आएको कुनै पनि हुलाकवस्तु रोक्का गरिनेछ। त्यसरी रोक्का गरिएको हुलाक वस्तु लिन मनासिब माफिकको म्याद दिई सूचना गर्दा पनि निजले नपुग महसुल बुझाई लिन नआएमा निजको रोक्का राखिएको सबै हुलाक वस्तु प्रेषककहाँ नै फिर्ता गरिनेछ।

४. **चलान हुलाकले गर्ने काम** : चलान (ट्रान्जिट) हुलाकले डयू र टी टाँचा लागेको वैरङ्गलाई पूरै टिकट टाँसिएको हुलाक वस्तु सरह चलान गर्नु पर्नेछ।

५. **ठेगाना हुलाकले गर्ने काम** : (१) ठेगाना हुलाकजे डयू र टी टाँचा लागेका वैरङ्गको आवरण (कभर) मा लेखिए बमोजिमको महसुल असुल गरी सो वैरङ्ग ठेगानावालालाई डेलिभरी गर्नेछ।

(२) उपनियम (१) बमोजिम वैरङ्गको डेलिभरी गर्दा ठेगानावालाले नपुग महसुल चुक्ता गरेर वैरङ्ग बुझिलिन इन्कार गरेमा वा ठेगानावाला पत्ता नलागेमा सो वैरङ्गलाई पुरै टिकट टाँसिएको हुलाक वस्तु सरह शुरु हुलाकमा फिर्ता पठाउनु पर्नेछ।

६. **विदेशमा पठाउने वैरङ्ग बारे**: (१) नेपालबाट विदेश जाने वैरङ्गमा विनिमय हुलाकले नपूग महसुललाई सतहबाट जाने चिठ्ठीको पहिलो तहमा लाग्ने महसुलले भाग गर्दा आउने भिन्न अङ्कलाई टी टाँचामुनि अङ्कित गरेर पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पठाएको वैरङ्ग विदेशमा डेलिभरी हुन नसकी फिर्ता भई आएमा त्यसको टि टाँचामुनि अङ्कित अङ्कमा सतहबाट जाने चिठ्ठीको पहिलो तहको महसुलले गुणन गरेर आउने महसुल रकममा एक रूपैयाँ समेत थपी प्रेषकबाट असुल गरिनेछ। निजले सो बमोजिमको रकम चुक्ता गरी वैरङ्ग बुझिलिन इन्कार गरेमा निजको हकमा नियम ३ को उपनियम (२) बमोजिमको कारवाई गरिनेछ।

७. **नेपालमा आएको वैरङ्ग बारे**: (१) विदेशबाट आएको वैरङ्ग डेलिभरी गर्दा सो वैरङ्गको "टी" टाँचामुनि अङ्कित अङ्कमा सतहबाट जाने चिट्ठठीको पहिलो तहको महसुलले गुणन गरेर आउने महसुल रकममा एक रूपैयाँ समेत थपी ठेगानावालाबाट असुल गरिनेछ।

(२) वैरङ्गको ठेगानावाला पत्ता नलागी डेलिभरी हुन नसकेमा वा नपुग महसुल चुक्ता गरी निजले बुझ्न इन्कार गरेमा सो वैरङ्ग शुरु हुलाकमा फिर्ता पठाइनेछ।



नेपाल कानून आयोग

८. **हुलाक हाकिमले वैरङ्गको सम्बन्धमा गर्ने काम** : (१) कसैलाई दुःख वा धोका दिने नियतले कसैले प्रेषकको नाम र ठेगाना लेख्ने ठाउँमा आफ्नो नाम र ठेगाना नलेखी अन्य कसैको नाम र ठेगाना लेखी वैरङ्ग पठाएकोमा ठेगानावालाले नपुग महसुल बुझाइ सो वैरङ्ग बुझिलिन इन्कार गर्दा वैरङ्ग फिर्ता भएकोमा सम्बन्धित हुलाक हाकिम राजपत्राङ्कित दर्जाको भएमा निजले आफैले र राजपत्रअनङ्कित दर्जाको भएमा निजको सिफारिसमा [①]क्षेत्रीय हुलाक निर्देशकले नपुग महसुल मिनाहा गर्न सक्नेछ। त्यसरी मिनाहा गरिएकोमा नियम ३ को उपनियम (२) बमोजिम प्रेषक भनी लेखिएको व्यक्तिको नामको हुलाकवस्तु रोक्का वा फिर्ता गरिनेछैन ।

(२) हुलाक हाकिमले हुलाक सेवा विभागले तोके बमोजिम वैरङ्गको लगत राख्नु पर्नेछ ।

९. **वैरङ्ग मास्केवारी** : हुलाकले प्रत्येक महिनाको पहिलो हप्ताको अन्तसम्ममा अघिल्लो महिनाको वैरङ्ग मास्केवारी [①]क्षेत्रीय हुलाक निर्देशनालयमा पठाउनु पर्नेछ। [①]क्षेत्रीय हुलाक निर्देशनालयले आफूकहाँ प्राप्त मास्केवारीलाई एकमुष्ट तयार गरी यथासक्य चाँडो हुलाक सेवा विभागमा पठाउनु पर्नेछ।

१०. **डेलिभरी हुन नसकेको वैरङ्ग वस्तु लिलाम गर्ने** : (१) ठेगानावाला पत्ता नलागी वा ठेगानावालाले बुझ्न इन्कार गरी फिर्ता आएको वैरङ्गको प्रेषक पत्ता नलागी फिर्ता डेलिभरी हुन नसकेमा त्यस्तो वैरङ्ग तुरुन्त फिर्ती चिट्ठी फाँटमा पठाउनु पर्नेछ। फिर्ती चिट्ठी फाँटले सो वैरङ्ग खोली सकभर प्रेषक पत्ता लगाइ सम्बन्धित हुलाकमा डेलिभरी गर्नको लागि पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गर्दा पनि प्रेषक पत्ता लाग्न नसकेमा सो वैरङ्ग धुल्याउन वा लिलाम गर्न निकासाको लागि क्षेत्रीय हुलाक निर्देशनालय वा गोस्वारा हुलाकमा पेश गर्नु पर्नेछ र यसरी पेश गर्दा भई आएको निकासा बमोजीम त्यस्तो वैरङ्ग धुल्याइने वा लिलाम बिक्री गरिनेछ।

११. **खारेजी** : वैरङ्ग सेवा नियमहरू, २०१९ खारेज गरिएकोछ।

नेपाल कानून आयोग

---
① पहिलो संशोधनद्वारा संशोधित।